आज मिति २०६६ साल बैशाख ५ गते आईतवारका दिन यस धवलागिरी गाउँपालिकाका अध्यक्ष श्री धमसरा पुनको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहायबमोजिम को उपस्थितिमा तपशिलमा उल्लेखित एजेण्डाहरूमा छलफल गरि निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री | धमसरा पुन | अध्यक्ष |
| श्री | रेशम छन्याल | उपाध्यक्ष |
| श्री | ऊक बहादुर छन्याल | वडा नं. १ वडाअध्यक्ष |
| श्री | राम प्रसाद वि.क. | " " २ " |
| श्री | पुर्ण पुन | " " ३ " |
| श्री | गंगा प्रसाद घर्ती | " " ४ " |
| श्री | खड्ग कुमारी छन्याल | " " ५ " |
| श्री | राजाराम उपाध्याय | " " ६ " |
| श्री | कलानिधी शर्मा | " " ७ " |
| श्री | राम बहादुर वि.क. | ~~वडा नं.~~ कार्यपालिका सदस्य |
| श्री | टोल कुमारी के.सी | " |
| श्री | देउ प्रसाद छन्याल | " |
| श्री | बाल कुमारी सुनार | " |
| श्री | सुका देवी पुर्जा | " |
| श्री | छिनमाया घर्ती | " |
| श्री | गोपाल शर्मा | प्र.प्र. अ. |

प्रस्तावहरू.

१) अस्पतालको टेण्डर स्वीकृति सम्बन्धमा
२) औषधिको दर रेट स्वीकृत सम्बन्धमा
३) वडा नं. ४ बगरमा वितरण गरिएको राहत रकम ।
४) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०६६ सम्बन्धमा
५) सहकारीको शेयर खरिद सम्बन्धमा
६) युवा स्वरोजगार कोषको रकमबाट योजना संचालन
७) कन्टेन्जेन्सी बाट भुक्तानी दिने सम्बन्धमा ।
८) योजना ~~संशोधन~~ / संचालन
९) गाउँपालिका स्तरीय खानेपानी व्यवस्थापन समिति गठन
१०) समपूरक कोषबाट योजना विनियोजन सम्बन्धमा
११) विविध

निर्णय नं. १ प्रस्ताव नं. १ उपर छलफल गर्दा धवलागिरी गा.पा. वडा नं. ६ ताकममा निर्माण हुन लागेको ५ शैयाको अस्पताल निर्माणका लागि गाउँ कार्यपालिकाको कार्यालयले आह्वान गरेको टेण्डर अनुमोदन गर्ने सार्थ तपसिलमा उल्लेखित प्रस्तावदाता सारभूत रुपमा प्रभावग्राही देखिएकोले सम्झौताका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| क्र.सं | प्रस्तावदाताको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|
| १ | BM-IS-AC Joint venture | ४,८८,६२,१३२.३३।-<br>(पि.एस. सहित) |

निर्णय नं. २ प्रस्ताव नं. २ उपर छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयले पेश गरेको औषधिको खरिद प्रयोजनार्थ अनुसूचीमा उल्लेखित औषधिहरुको दररेट स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ उपर छलफल गर्दा हिमपातका कारण ध.गा.पा. ४, बगरमा बालीनाली नष्ट भएकाले सो स्थानका बासिन्दालाई आफ्नो उत्पादनले खान पुग्ने अवस्था समेत नभएकोले सो स्थानमा वितरण गरिएको राहत बापतको रकम रु. ४१०७०।- (एकचालिस हजार सत्तरी मात्र) प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७८" सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा गाउँपालिकाको आन्तरिक आय अभिवृद्धि गर्ने उद्देश्यका साथ सहकारीमा लगानी गर्ने र सो का लागि धवलागिरी गाउँपालिकाको गाउँसभाबाट सहकारी शेयर खरिद प्रयोजनार्थ बजेट विनियोजन गरेकोले सो बजेट धवलागिरी साना किसान कृषि सहकारी संस्था लिमिटेडको शेयर खरिद गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस धवलागिरी गा.पा. अन्तर्गत विभिन्न वडाहरूमा विभिन्न कारणबाट विभिन्न

योजनाहरुमा आते पुगेको र ति संरचनाहरुको मर्मत सम्भार गरि निर्मित भौतिक संरचना र आयोजनाको संरक्षण गर्नुपर्ने देखिएकोले युवा स्वरोजगार कोषबाट ~~संचालन~~मा विनियोजित बजेटबाट तपसिल बमोजिमका योजनाका विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १. | धवलागिरी मा.वि. संरक्षण | रु. 6,00,000।– |
| २. | प्रथम दरखोला लघु जलविद्युत परियोजना मर्मत | रु. 6,00,000।– |

निर्णय नं. 6

प्रस्ताव नं. 6 उपर छलफल गर्दा कार्यालय प्रयोजनार्थ खरिद गरिएका ५ वटा प्रिन्टर बापत भुक्तानी गर्नुपर्ने रकम रु. १,०२,५००।– कन्टेन्जेन्सीबाट भुक्तानी दिने साथै वडा नं. १ गुर्जा र वडा नं. २ लुलाङ वडा कार्यालयका लागि १/१ थान रंगिन प्रिन्टर खरिद गर्ने र सो बापतको रकम समेत कन्टेन्जेन्सीबाट खर्च लेख्ने गरी भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको ~~बजेट~~ को आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रममा समावेश भएको एक वडा एक खेल मैदान निर्माण योजना वडा नं. ४ मुदीमा खेल मैदान निर्माण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ बमोजिम को समिति तपसिल बमोजिम अध्यक्ष र सदस्य रहने गरी गठन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

तपसिल

१) धमसरा पुन (अध्यक्ष) – अध्यक्ष
२) रेशम छन्त्याल (उपाध्यक्ष) – सदस्य
३) सम्बन्धित वडाको वडाध्यक्ष – सदस्य
४) फट बहादुर थापा – सदस्य
५) तिलक शंकर पौडेल (आलेप) – सदस्य
(६) गोपाल शर्मा (प्र.प्र.अ) – सदस्य सचिव

निर्णय नं. १०

प्रस्ताव नं. १० उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको आ. व. २०७७/०७८ को गाउँसभाको बजेट अधिवेशनबाट सम्पुरक कोषमा विनियोजित बजेटबाट तपशिल बमोजिमको योजना संचालन गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

| क्र. सं. | योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १. | मुना - मुदी रिखवाङ मोटरबाटो | ३३,००,०००।– |

निर्णय नं. ११ धवलागिरी गाउँपालिका वडा नं. ६ स्थित कल्लेनी मराङ सडक पहिरोबाट पूर्ण रूपमा क्षतिग्रस्त भई सवारी आवागमन पूर्ण रूपमा ठप्प भएको र यसअघि २०७७/१०/३० को कार्यपालिकाको बैठकबाट रु. ५,००,०००।- रकम विनियोजन भएकोमा सो बजेटले अपुग हुने देखिएकोले यसअघि नै गठित उपभोक्ता समिति मार्फत नै योजना सम्पन्न गर्ने गरी तपशिलमा उल्लेखित योजनाबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा ७३ को अधीनमा रही रु. ५,००,०००।- को २५% ले हुन आउने रु. १,००,०००।- विविध शिर्षक संचालन शिर्षकबाट रकमान्तर गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. १२ विश्वव्यापी रूपमा फैलिरहेको कोभिड १९ को महामारीले यस गाउँपालिका समेत अछुतो रहन नसक्ने कुरालाई मध्यनजर गर्दै कोभिड १९ पूर्व तयारी, रोकथाम र नियन्त्रणका लागि बजेट अपुग हुन सक्ने, गाउँसभाबाट प्रकोप व्यवस्थापन कोषमा विनियोजित रकम यसअघि नै प्रकोप प्रभावित हरूको राहत, उद्धार, पुनर्स्थापना साथै सडक सरसफाई जस्ता कार्यहरूमा खर्च भई अपुग हुने देखिएकोले तपशिलमा उल्लेखित कार्यक्रमहरूमा विनियोजित रकमहरू कटौती गरी प्रकोप व्यवस्थापन कोषमा दाखिला गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

| क्र. सं. | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १. | उद्योगी तथा व्यापारीलाई अनुशिक्षण | रु. १५०,०००।- |
| २. | सहकारी अनुशिक्षण कार्यक्रम | रु. १,००,०००।- |
| ३. | महिला उद्यमशील अनुदान | रु. ८,००,०००।- |

[signature]

| क्र.सं. | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| ४ | लोकसेवा आयोग तयारी कक्षा संचालन | रु.६,००,०००।- |
| ५. | कर्मचारी जनप्रतिनिधि भ्रमण | रु.८,००,०००।- |
| ६. | समग्र रूपान्तरणमा बालबालिकाको भूमिका | रु.२,००,०००।- |
| ७. | युवा उद्यमशील विकास तालिम | रु.२,५०,०००।- |
| ८. | अगुवा कृषि फर्म पुरस्कृत | रु.१,३०,०००।- |
| ९. | शिक्षा सँग आयआर्जन | रु.८,००,०००।- |
| | कुल जम्मा | ३२,३०,०००।- |

निर्णय नं. १३ वर्षायाँमा आएको बाढी र पहिरोका कारण धवलागिरी गाउँपालिका वडा नं. ६ धारापानी स्थित कोटखोला उतीसेनी खानेपानी मर्मत योजनामा क्षति पुगेको र खानेपानीको हाहाकार मच्चिएकोले उक्त खानेपानी योजनाका लागि प्रकोप व्यवस्थापन कोषबाट रु.१,००,०००।- विनियोजन गर्ने ।

धवलागिरी गा.पा. वडा नं. ६ मार्फतमा गुड नेबर्स इन्टरनेशनल सँगको सहकार्यमा निर्माणाधिन भवनका लागि गाउँसभाबाट GNI सँगको समपूरक अन्तर्गत विनियोजित रकम रु.१२,००,०००।- मध्येबाट मराङ र मल्कबाङमा निर्मित भवन समेत गरी बजेट रु.२,००,०००।- अपुग हुने देखिएकोले सो रकम समपूरक कोषबाट विनियोजन गर्ने ।

निर्णय नं. १४ वर्षायाँमा गत वर्षको बाढीपहिरोका कारण विस्थापित हरुको आवास निर्माणका लागि विनियोजित रकम मध्ये मराङमा एकिकृत बस्ती निर्माणका लागि घडेरी सम्याउने र सो बस्तीसम्म मोटरबाटो निर्माणका लागि मराङ एकीकृत बस्ती निर्माण तथा मोटरबाटो निर्माणका लागि रु.१८,००,०००।- (अक्षरुपी अठार लाख हजार मात्र) विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. १५. आवासविहिन जनतासँग वडाध्यक्ष कार्यक्रमलाई गाउँसभाको मिति २०७६/०३/०८ गतेको बैठकबाट क्रमागत बनाउने निर्णय गरेको अर तापनि बजेट विनियोजन गर्दा त्रुटिवश एक जना लाभग्राही गणना गर्न छुट भएको तर लाभग्राहीले निर्माणको कार्य सम्पन्न गर्न लागिकोले निज लाभग्राहीलाई बनाइएको घरको बजेट मध्यकालीन खर्च संरचना निर्माणमा खर्च हुन नसकेको बजेट बाट भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।